अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२।०१।०५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	**उदयकृष्ण अधिकारी** मुद्दा नं.०८०-CR-०१५३ फैसला मितिः२०८१।०६।०६	**सार्वजनिक सम्पत्ति हानि नोक्सानी गरी भ्रष्टाचार गरेको**	**आयोगको माग दावी** प्रतिवादी उदयकृष्ण अधिकारीले ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड (साविक मध्यमाञ्चल ग्रामीण विकास बैंक), शाखा कार्यालय, टाँडी, चितवन) मा वरिष्ठ फिल्ड सहायक पदमा कार्यरत रहँदा आर्थिक वर्ष २०६८/०६९ देखि आफू कार्यरत बैंकको रु.१९,०२,२३७।९६ अपचलन तथा हिनामिना गरेको हुँदा निज प्रतिवादी उदयकृष्ण अधिकारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा रु.१९,०२,२३७।९६(उन्नाइस लाख दुई हजार दुई सय सैंतिस रुपैंया छयानब्बे पैसा) बिगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम विगो बमोजिम जरिवाना हुन र सोही ऐनको दफा १७ बमोजिम विगो रु.१९,०२,२३७।९६(उन्नाइस लाख दुई हजार दुई सय सैंतिस रुपैंया छयानब्बे पैसा) असुल उपर हुन मागदावी लिइएको। **अदालतको फैसला** प्रतिवादी उदयकृष्ण अधिकारी उपर चितवन जिल्ला अदालतमा चलेको **हिनामिना तथा अपचलन गरेको रकम असुलउपर गरी पाऊँ** भन्ने मुद्दा (०७४-CP-०८४९) मा मिति २०७६।०८।१९ मा नै प्रतिवादीले नेपाल ग्रामीण विकास बैंक लिमिटेड (हाल ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड) लाई रु.१९,०२,२३७।९६ सावा ब्याजसमेत बुझाउने ठहर भई देवानी दायित्व कायम भइसकेको र प्रतिवादीले सो रकम बुझाई सकेको देखिएको समेतबाट प्रस्तुत मुद्दामा बिगो कायम हुन नसकी प्रतिवादीले आरोप दावीबाट सफाई पाउने गरी फैसला भएको ।	प्रतिवादी उदयकृष्ण अधिकारीले बैंकलाई बुझाउनुपर्ने रकम बुझाइसकेको देखिएको हुँदा बिगो कायम हुन नसकेको अवस्थामा सफाई पाउने ।	• ग्रामीण विकास बैंक, टाँडी चितवनका तत्कालीन वरिष्ठ सहायक उदयकृष्ण अधिकारीले किर्ते (बनावटी) कागज बनाई महिला सदस्य लाई बिना धितो कर्जा दिएको, ऋणीबाट असुली भएको सावाँ तथा व्याज रकम असुली नदेखाई आफू खुसी जग्गा खरिदमा प्रयोग गरेको, पशु कर्जा/धितो कर्जा दिँदा कमिशन खाएको, धितो राखिएको जग्गा रोक्का नगर्ने धितो फुकुवा भएको पनि बाँकी देखिने जस्ता भ्रष्टाचारजन्य क्रियाकलाप गरी नेपाल ग्रामीण विकास बैंक लिमिटेड (हाल ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड) लाई रु.१९,०२,२३७।९६ रकम हिनामिना तथा अपचलन गरेको तथ्यलाई स्वीकार गरी उक्त रकम बुझाएको देखिँदा निजले सार्वजनिक संस्था ग्रामीण विकास बैंकको रकम अपचलन गरी भ्रप्टाचारजन्य कसुर गरेको तथ्यपुष्टि भएको अवस्थामा देखिँदा बदरभागी छ । • प्रतिवादी उदयकृष्ण अधिकारीले मिति २०७२।०३।२३ मा पेश गरेको स्पष्टीकरणमा निजले बैंकको शाखा कार्यालय, टाँडी चितवनमा कार्यरत हुँदा उक्त रु. १९,०२,२३७।९६ बैंक गल्ती भएको भनी स्वीकार गरेको देखिन्छ। निज उदयकृष्ण अधिकारीले मिति २०७४।०५।२५ र २०७४।०७।२४ को नेपाल ग्रामिण विकास बैंक लिमिटेडमा पेश गरेको निवेदनमा "म द्वारा हिनामिना भएको रकम रु.२४,१६,२९२।-(अक्षरेपी चौविस लाख सोह्र हजार दुई सय बयानब्बे मात्र) मेरो घरायसी व्यवहार बिग्रिएर बुझाउन नसकेको हुनाले यही २०७४ साल पौष मसान्त भित्र बुझाउने प्रतिबद्धता व्यक्त गर्दै यो निवेदन पेश गरेको छु, अन्यथा बैंकद्धारा गरिने कार्बाही भोग्न मञ्जुर रहेको व्यहोरा अनुरोध गर्दछु" भन्ने व्यहोरा समेत उल्लेख गरेबाट निज वरिष्ठ सहायक उदयकृष्ण अधिकारीले निज कार्यरत रहेको बैंकको रु.२४,१६,२९२।-(अक्षरेपी चौविस लाख सोह्र हजार दुई सय बयानब्बे मात्र) अपचलन तथा हिनामिना भएको तथ्यमा विवाद छैन तथापि प्रतिवादीले अपचलन गरेको रकम फिर्ता गर तापनि प्रतिवादीले गरेको भ्रष्टाचारजन्य कसुरबाट उन्मुक्ति पाउने अवस्था छैन । **भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९** को देहाय (घ) मा *"कुनै राष्ट्रसेवक वा अन्य व्यक्तिले नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानुनी हानिनोक्सानी पुऱ्याएकोमा सो असुल उपर गर्न निजउपर छुट्टै मुद्दा दायर भएकोमा यस ऐन अन्तर्गत कसुरमा छुट्टै मुद्दा चलाउन बाधा पर्ने छैन"* भन्ने व्यवस्था रहेको समेतको आधारबाट यी प्रतिवादी उपर देवानी मुद्दा (०७४-cp-०८४९) चल्दैमा भष्टाचारजन्य कसुरबाट फुर्सद पाउने अवस्था नहुने कानुनी व्याख्या समेतको आधारमा प्रतिवादी उदयकृष्ण अधिकारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसुरजन्य कार्य गरेको पुष्टि भएको हुँदा यी प्रतिवादीलाई सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ । • फौजदारी दायित्वको सामान्य सिद्धान्त हेर्दा, देवानी दायित्वले फौजदारी दायित्वलाई अन्त्य गर्न सक्दैन । फौजदारी कसुरमा आपराधिक कार्य (Actus Reus) र मनसाय तत्त्व (Mens Rea) दुवै हेरिन्छ । मनसायपूर्वक गरेको कसुरमा गम्भीरता बढाउने अवस्था विद्यमान हुन्छ र प्रस्तुत मुद्दाका प्रतिवादीले मनसायपूर्वक बैंकको रकम अपचलन गरेको तथ्यमा विवाद छैन । अपचलन भएको रकम असुल उपरको प्रयोजनका लागि चितवन जिल्ला अदातलमा देवानी विषयतर्फ फैसला भए तापनि निज प्रतिवादीले ओहदा/पद तथा विश्वासको दुरुपयोग गरी

					बैंकको रकम अपचलन गरेको हुँदा Corruption Related Criminal Liability सृजना भई सोही विषयमा भ्रष्टाचारको मुद्दा दायर भएको हो । यस्तो अवस्थामा निज प्रतिवादीले अपचलन गरेको रकम फिर्ता गर्दैमा फौजदारी दायित्व अन्तर्गत कैद र जरिवानाको सजायबाट उन्मुक्ति पाउने आधार बन्न सक्दैन । फौजदारी कानुनमा प्रतिवादीलाई सजायको दायरामा ल्याउने र सम्भावित त्यस्तै प्रकृतिका अपराधको निवारण गर्ने उद्देश्य राखिन्छ । तर प्रस्तुत मुद्दाका प्रतिवादीहरु उपर उजुरी परी अनसन्धान सुरु भए पश्चात कसुरबाट हुने सजायबाट बच्न बिगो रकम दाखिला गरेको देखिँदा विशेष अदालतले Corruption Related Criminal Liability को विश्लेषण नगरी बिगो रकम तिरिसकेको आधार ग्रहण गरी विशेष अदालतबाट सफाई दिने गरी गरेको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ । • यस्तै प्रकृतिको भ्रष्टाचार मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर अत्यन्त सान्दर्भिक छ । **महेश चापागाई विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा** *"एउटै तथ्यबाट एक भन्दा बढी कसूर हुन सक्दछन् । यसरी समग्र तथ्य र सम्बद्ध कानूनी व्यवस्था र त्यसले प्रदान गर्ने उपचारको व्यवस्था समेतका आधारमा फरक फरक अवस्थालाई प्रतिनिधित्व गरेबाट भ्रष्टाचार मुद्दा र ठगी मुद्दालाई एउटै विषय मात्र नमिल्ने । कसैले कानूनद्वारा निषिद्ध आपराधिक कार्य गरेको अवस्थामा त्यस्तो कार्यलाई अलग अलग कानूनले अलग अलग अपराध मान्दछ भने त्यसलाई एउटै कसूर मानेर एउटा मात्र कानूनअन्तर्गत कारवाही गर्नुपर्ने भनी सीमित तुल्याउन नमिल्ने । भ्रष्टाचारको कसूरमा बिगो समेतको दावी लिई अभियोग दायर भएको अवस्थामा जरीवानाको सजायसम्म हुने ठहराई बिगोको हकमा ठगी मुद्दाको फैसलाबमोजिम हुने भनी भएको फैसलालाई अन्यथा भन्न नमिल्ने"* **(नेकाप २०६९, अंक ८, निनं. ८८७४)** भनी सम्मानित सर्वोच्च अदालतबाट व्याख्या भएको छ । यस्तो अवस्था प्रस्तुत मुद्दाका प्रतिवादीले तिर्नु बुझाउनुपर्ने बिगो चितवन जिल्ला अदालतबाट देवानी मुद्दामा असुल उपर हुने गरी फैसला भए तापनि निज प्रतिवादीले गरेको भ्रष्टाचारको आपराधिक कसुरको सजायबाट समेत उन्मुक्ति दिने गरी भएको फैसला सम्मानित सर्वोच्च अदालतको न्यायिक सिद्धान्त विपरीत देखिएकाले उक्त फैसला त्रुटिपूर्ण भई बदरभागी छ । अतः उल्लिखित आधार, कारण तथा न्यायिक सिद्धान्त समेतका आधारमा प्रतिवादी उदयकृष्ण अधिकारीलाई आरोप दावीबाट सफाई दिने गरी सम्मानित विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण हुँदा निज प्रतिवादी उदयकृष्ण अधिकारीलाई आरोप मागदाबी बमोजिम सजाय हुन सम्मानित अदालत समक्ष अनुरोध छ ।